# तादी गाउँपालिका

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) पदको लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रमको आधारमा निम्नानुसार दुई चरणमा परीक्षा लिइनेछः

प्रथम चरणः लिखित परीक्षा पूर्णाङ्कः ५०

द्वितीय चरणः अन्तर्वार्ता र प्रयोगात्मक पूर्णाङ्कः ५०

तादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खरानीटार, नुवाकोट बागमती प्रदेश २०७३

### प्रथम चरणः लिखित परीक्षा

| क्र. स. | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या × अंक | समय |
|---|---|---|---|---|---|---|
| १ | बिषयबस्तु र सेवा सम्बन्धि | ५० | २० | बिषयगत (छोटो उत्तर) | ५ प्रश्न × ५ अंक = २५ अंक | १ घण्टा ३० मिनेट |
| | | | | बस्तुगत (बहुबैकल्पिक) | २५ प्रश्न × १ अंक = २५ अंक | |

### द्वितीय चरणः प्रयोगात्मक र अन्तर्वार्ता

| क्र. स. | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| १. | सूचना प्रबिधि सिप परिक्षण | २० | प्रयोगात्मक | २० मिनेट |
| २. | अन्तर्वार्ता | ३० | मौखिक | - |

द्रष्टव्य :

१. यो पाठ्यक्रमको योजनालाई प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा विभाजन गरिएको छ ।

२. लिखित परीक्षाको प्रश्नपत्रको माध्यम भाषा नेपाली वा अंग्रेजी मध्ये कुनै एक वा दुवै भाषा समेत प्रयोग गर्न सकिने छ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. विषयगत प्रश्नहरुको हकमा तोकिएको अंकको पाँच वटा प्रश्न सोधिने छ ।

५. प्रथम चरणको लिखित परिक्षामा विषयगत र बस्तुगत प्रश्नको छुट्टाछुट्टै उत्तर पुस्तिकाहरू हुनेछन् । तर एकै दिनमा एकै समयमा परीक्षा लिइनेछ ।

६. प्रथम चरणको परीक्षाबाट छनोट भएका उम्मेदवारलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

७. पाठ्यक्रम लागू मिति : २०८२/०४/०१

**लिखित परीक्षाः प्रथम चरण (बिषयबस्तु र सेवा सम्बन्धि)**

**Section A: 5 Marks × 5 Questions = 25 Marks**
**Section B: 1 Marks × 25 Questions = 25 Marks**

| क्र.सं. | विषयवस्तु |
|---|---|
| १. | नेपालमा रोजगारको अबस्था, चुनौती र सम्भावनाहरु |
| २. | बैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु |
| ३. | मनोसामाजिक परामर्शको अवधारणा, प्रकृया, परामर्शको बिधि तथा तरिकाहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु भूमिका र जिम्मेवारी तथा कार्यहरु |
| ४. | सामुहिक मनोपरामर्श सेवाको अवधारणा प्रकृया तथा समुहमा मनोपरामर्श सेवा प्रदान गर्दा ध्यान दिनु पर्ने कुराहरु र समुह सञ्चालन गर्ने व्यतिमा हुनु पर्ने सिपहरु |
| ५. | मनोसामाजिक समस्याहरु तथा समस्या समाधानको उपायहरु (तनाव वा दवाब सामना गर्ने तरिकाहरु, लाञ्छना को अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शको तरिकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगि लाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिदा विश्लेषण गर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरु, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरुले भोग्नुपरेका मुख्य चुनौतीहरु) |
| ६. | सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु |
| ७. | कार्य योजना निर्माण |
| ८. | सुरक्षित बैदेशिक रोजगारीका अत्यावश्यक प्रक्रियाहरु र स्थानीय तहको भूमिका तथा सुरक्षित बैदेशिक रोजगारीका लागि नेपालमा भएका प्रयासहरु |
| ९. | बैदेशिक रोजगार सम्बन्धि सरकारी तथा गैर सरकारी निकायहरु र तिनका काम कर्तब्य र अधिकार |
| १०. | आप्रबासी कामदार सम्बन्धि कानुनि व्यवस्था (उद्धार, क्षतिपूर्ति, मेडिकल, ठगि, शब झिकाउने आदि) |
| ११. | स्थानीय परिवेश, भूगोल, सास्कृतिक तथा ऐतिहासिक बिषयबस्तु सम्बन्धि सामान्य जानकारी |
| १२. | ऐन कानुन सम्बन्धि सामान्य जानकारीः<br>१) नेपालको संबिधान, २०७२<br>२) बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुन एकीकरण कार्यक्रम (संचालन तथा ब्यबस्थापन) निर्देशिका, २०७९ |

| | |
|---|---|
| | ३) बैदेशिक रोजगार ऐन २०६४<br>४) बैदेशिक रोजगार नियमावली २०६४<br>५) श्रम ऐन २०७४<br>६) श्रम नियमावली २०७५ |

**प्रयोगात्मक परीक्षा : द्बितीय चरण**

| क.सं. | विषयवस्तु | पुर्णाङक |
|---|---|---|
| १ | कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको, **Word, excel, PowerPoint** मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्ने छ । | २० |

**मनोसामाजिक परामर्शकर्ताको न्यूनतम योग्यता :**

मनोसामाजिक परामर्शकर्ताको न्यूनतम योग्यता मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ । जुन निम्नानुसार रहेको छः

- नेपाली नागरिक हुनुपर्ने,
- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्टवा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वबिद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ
- उमेरः दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
- प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन अयोग्य नभएको ।
- नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।

**छनौट प्रक्रिया:**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ । अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।